# स्थानीय राजपत्र


रावा बेसी गाउँपालिकाद्धारा प्रकाशित

| खण्ड ३ | संख्या ४ | मिति: २०७६/१०/२० |
|---|---|---|


भाग २

## रावा बेसी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम रावा बेसी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरीएको छ।

सम्वत् २०७६ सालको निर्देशिका संख्या- ४

# एस.ई.ई.तयारी कोचिङ कक्षा अनुदान कार्यविधि, २०७६

**प्रस्तावना :**

सामुदायिक विद्यालयमा कक्षा १० मा अध्ययनरत एस.ई.ई. परीक्षाको तयारी गरिरहेका विद्यार्थीहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अतिरिक्त समयमा कोचिङ कक्षा सञ्चालनार्थ अध्यापनरत शिक्षक शिक्षिकाहरुलाई पारिश्रमिक स्वरुप अनुदान रकम उपलब्ध गराई शिक्षक शिक्षिकामा हौसला बढाई विद्यालयमा अध्ययनरत छात्र छात्राहरुलाई सहज र सरल रुपमा शिक्षा प्रदान गरी शैक्षिक गुणस्तरमा वृद्धि ल्याउन वाञ्छनीय भएकोले,

स्थानिय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद १५ को दफा २ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी रावा वेसी गाउँपालिका गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

परिच्छेद- १

प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम " एस.ई.ई. कोचिङ कक्षा अनुदान कार्यविधि,

,२०७६" रहेको छ ।

(२) यो कार्यविधि रावा वेसी गाउँ कार्यपलिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ र आर्थिक वर्ष २०७६।७७ सम्म लागू रहने छ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको रावा वेसी गाउपालिका सम्झनु पर्दछ ।

(ग) "विद्यालय" भन्नाले भन्नाले रावा वेसी गाउपालिकाका सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(घ) "शिक्षा शाखा" भन्नाले रावा बेसी गाउँपालिकाको कार्यालयको शिक्षा सम्वन्धी काम गर्ने शाखा वा त्यस्तो काम गर्ने जिम्मेवारी पाएको कर्मचारी सम्झनु पर्दछ ।

(ङ) "विद्यार्थी" भन्नाले भन्नाले रावा वेसी गाउपालिकाका सामुदायिक विद्यालयमा एस.ई.ई. तयारी गरिरहेका कक्षा १० मा अध्ययनरत छात्राछात्रहरुलाई सम्झनु पर्छ ।

(च)"कोचिङ कक्षा" भन्नाले शिक्षक शिक्षिकाहरुले अतिरिक्त समयमा विद्यार्थीहरुलाई पठनपाठन गराउने कक्षा भन्ने सम्झनु पर्नेछ ।

परिच्छेद- २

**संख्या यकिन तथा अनुदान रकम वितरण**

३. कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको संख्या यकिन गर्ने : (१) गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्रका सबै सामुदायिक विद्यालयमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको संख्या यकिन गर्ने ।

(२) संख्या यकिन भै आए पछि शिक्षा शाखाले सामुदायिक विद्यालयहरुसँग अनुदान फाराम माग गर्नुपर्नेछ ।

(३) शिक्षा शाखाले माग गरे बमोजिम आ-आफ्नो विद्यालयमा अध्ययनरत विद्यार्थी तथा पढाउने शिक्षक शिक्षिकाको हाजिरी सहित अतिरिक्त पारिश्रमिक माग फाराम पेश गर्नु पर्नेछ ।

(४) सामुदायिक विद्यालयबाट कोचिङ कक्षाको पारिश्रमिक माग फाराम पेश भए पछि गाउँसभाबाट वित्तिय समानीकरण अनुदान सामाजिक विकास शीर्षकमा विनियोजन भएको अनुदान रकम विद्यालयको बैक खातामा जम्मा गर्नु पर्नेछ ।

(५) आफ्नो विद्यालयको बैक खातामा रकम जम्मा भए पछि कोचिङ कक्षामा पठनपाठन गराउने शिक्षक शिक्षिकाहरुलाई पारिश्रमिक भूक्तानी गरी सोको भपाई शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

(६) सामुदायिक विद्यालयका कोचिङ कक्षामा पठनपाठन गराउने शिक्षक शिक्षिकाहरुलाई पारिश्रमिकका लागि उपलब्ध गराईएको अनुदान रकम सोही शीर्षकमा बाहेक अन्य क्षेत्रमा खर्च गर्न पाइने छैन ।

(७)कार्यक्रम प्रभावकारी तथा सम्वन्धित शीर्षकमा खर्च भए नभएको शिक्षा समिति र शिक्षा शाखा मार्फत अनुगमन गरिनेछ ।

परिच्छेद- ३

**विविध**

(४) दीर्घकालिन स्रोत व्यवस्थापन :(१) सामुदायिक विद्यालयका लागि कोचिङ कक्षा वापत उपलब्ध गराईएको अनुदान रकम आ.ब. २०७६/०७७ मा छुट्याईएको बजेटले निश्चित बजेट शीर्षकमा रहेर निकासा गराईनेछ तर गाउँपालिकाले नियमित रुपमा अनुदान रकम उपलब्ध गराउन नसकेको खण्डमा पनि विद्यालयले आफ्नै स्रोत र बजेटको व्यवस्थापन गरी विद्यार्थीहरुलाई कोचिङ कक्षा वापतको रकम व्यवस्थापन गर्न सक्नेछ साथै उक्त कार्यक्रम प्रभावकारी भै एस.ई.ई. परीक्षाको नतिजामा उत्साहजनक रुपमा विगतका वर्षहरुभन्दा राम्रो हुन आएमा आगामी दिनमा कार्यपालिकाद्धारा निरन्तर सञ्चालनमा लैजाने तथा पर्याप्त बजेट सुनिश्चितताका साथै आधारकक्षाहरुमा पनि कोचिङ कक्षा सञ्चालनका लागि पहलकदमी गर्ने सुनिश्चितता गरिनेछ ।

प्रतिवेदन पठाउनु पर्ने : सामुदायिक विद्यालयले गाउँपालिकाले दिएको अनुदान रकमको तोकिएको ढाँचामा गाउँपालिकामा प्रतिवेदन पठाउनु पर्नेछ

अनुसूची हेरफेर वा थपघट गर्ने : गाउँपालिकाले यस कार्यविधिको अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

बाझिएमा अमान्य हुने : यस कार्यविधिको कुनै व्यवस्था प्रचलित नेपाल कानुनसँग बाझिएमा बाझिएको हद सम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

प्रमाणिकरण मितिः २०७६/१०/२०

आज्ञाले,
रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत